पत्र संख्याः
च.नं.

# प्रेस विज्ञप्ती

सम्माननीय प्रधानमन्त्री एवम् राष्ट्रिय विकास समस्या समाधान समितिका अध्यक्ष **श्री केपी शर्मा ओलीज्यू**को अध्यक्षतामा समितिको ४६औं बैठक राष्ट्रिय योजना आयोगको सभाकक्ष सिंहदरबारमा आज सम्पन्न भयो। बैठकमा माननीय उपप्रधानमन्त्री, माननीय मन्त्रीहरु, छ वटा प्रदेश सरकारका माननीय मुख्यमन्त्रीहरु, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष, माननीय महालेखापरिक्षक, सम्माननीय प्रधानमन्त्रीका मुख्य सल्लाहकार, नेपाल सरकारका मुख्य सचिव, आयोगका माननीय सदस्यहरु, राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत, नेपाल राष्ट्र बैंकका गभर्नर, सर्वोच्च आयोगका सदस्य सचिव, नेपाल सरकारका सचिवहरु तथा अन्य विशिष्ट पदाधिकारीहरुको उपस्थिति रहेको थियो।

बैठकको शुरुवातमा राष्ट्रिय योजना आयोगका सदस्य सचिव श्री लक्ष्मण अर्यालले स्वागत मन्तव्य तथा कार्यक्रमका विषयवस्तुबारे जानकारी गराउनु भएको थियो। तत्पश्चात सम्माननीय प्रधानमन्त्रीज्यू एवं आयोगका अध्यक्ष र आयोगका उपाध्यक्ष प्रा.डा. पुष्पराज कंडेलको बीचमा कार्य सम्पादन सम्झौता भएको थियो। त्यसैगरी सम्माननीय प्रधानमन्त्रीज्यू र राष्ट्रिय पुननिर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत श्री सुशील ज्ञवाली र सम्माननीय प्रधानमन्त्रीज्यू र लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत श्री महाप्रसाद अधिकारीको बीचमा कार्य सम्पादन सम्झौता भएको थियो। बैठकमा आयोगका माननीय उपाध्यक्ष प्रा.डा. पुष्पराज कंडेलबाट गत आ.व. २०७५/७६ अवधिको प्रगति स्थितिमा आधारित भएर समष्टिगत आर्थिक सूचकहरु, प्रमुख आर्थिक परिसूचकहरु, नेपालकको कूल आय र व्ययको विवरण, यस अवधिमा मन्त्रालयहरुमा बिनियोजित बजेट र खर्चको अवस्था, पहिलो प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाहरुको प्रगति, राष्ट्रिय गौरवका आयोजनाहरुको हालसम्मको समष्टिगत प्रगति, भूकम्पपछिको पुनःनिर्माणमा भएको प्रगति, समितिको ४३, ४४ र ४५औं बैठकका निर्णयहरुको कार्यान्वयन स्थिति, चौधौं योजना (आ.व. २०७३/७४-२०७५/७६) ले लिएका प्रमुख लक्ष्य तथा हासिल भएका आर्थिक, सामाजिक तथा भौतिक उपलब्धिहरु तथा अन्तरमन्त्रालय प्रकृतिका समस्या र तिनको समाधानका लागि प्रस्तावित उपायहरु समेटिएको प्रस्तुति भएको थियो। साथै विभिन्न प्रदेशहरुबाट प्राप्त समस्याहरु समेत उक्त प्रस्तुतिले समेटेको थियो। माननीय उपाध्यक्षको प्रस्तुति पश्चात् प्रस्तुत विषयहरुका बारेमा छलफल गरी बैठकले विभिन्न ८ वटा निर्णयहरु गरेको छ।

**बैठकको अन्त्यमा सम्माननीय प्रधानमन्त्री एवम् राष्ट्रिय विकास समस्या समाधान समितिका अध्यक्ष श्री केपी शर्मा ओलीज्यूले बैठकलाई सम्बोधन गर्ने क्रममा देहायका निर्देशन दिनुभयो ।**

फोनः ४२११९७०, ४२११६८१, फ्याक्सः ९७७-१-४२११७००, ईमेलः info@npc.gov.np, वेभसाईटः www.npc.gov.np

१. नेपालको संविधान जारी भए पछिको पहिलो निर्वाचनबाट गठन भएको सरकारले संघीयता कार्यान्वयनको सङ्क्रमणकालीन अवस्था अन्त्य गरी सुदृढ राज्य निर्माणका आधारहरु तयार गरेको छ। छोटो समयमै सुव्यवस्थितरुपमा वित्तीय संघीयताको कार्यान्वयनको लागि कानूनी र संस्थागत प्रणालीको विकास भै सकेका छन् । संविधान कार्यान्वयनको लागि गत आर्थिक वर्षमा कानून निर्माणमा सरकार र संसदबाट उल्लेखनीय कामहरु भएका छन्। प्रदेश र स्थानीय तहबाट आ-आफ्नो अधिकार क्षेत्र भित्र रही विकास निर्माण र कार्यव्यवस्थापनका लागि आवश्यक पर्ने पूर्वतयारीका कामहरु सम्पन्न भएका छन्।

२. नेपालले लिएको "समृद्ध नेपाल : सुखी नेपाली" को राष्ट्रिय आकांक्षा, सम्वत् २०८७ भित्रै दिगो विकास लक्ष्य हासिल गर्ने गरी दीगो विकासको आयामका अन्तरसम्वन्धित पक्षहरूलाई आन्तरिकीकरण र स्थानीयकरण, सन् २०२२ मा नेपाललाई अल्पविकसित देशबाट विकासोन्मुख देशको रूपमा स्तरोनन्ती गर्दै सम्वत् २१०० मा विकसित देशमा पुर्‍याउने राष्ट्रिय लक्ष्यसहित नेपाल सरकारको दीर्घकालिन सोंच सहितको पन्ध्रौ योजनाको आधारमा प्रदेश र स्थानीय तह पनि आवधिक योजनाको तर्जुमाको चरणमा प्रवेश गरेका छन्। विकास र समृद्धिको लागि आर्थिक तथा सामाजिक रुपान्तरण गर्ने विकास नीति, आर्थिक उपलब्धिको सुनिश्चितता दिने, योजना तर्जुमा र आम नागरिकका अपेक्षाको सम्बोधन गर्ने प्रतिवद्धताको कार्यान्वयन गर्नु पर्नेछ।

३. वर्तमान सरकारको राजनैतिक अठोट र इच्छा शक्तिलाई प्रदेश र स्थानीय तह हुँदै सुशासन, विकास र समृद्धि प्राप्त गर्ने दिशामा केन्द्रित गर्नु पर्नेछ। सुशासन, विकास र समृद्धिको लागि पूर्वाधार क्षेत्र, आर्थिक क्षेत्र, सामाजिक क्षेत्र र सुशासनका क्षेत्रमा विकासको मजबूत जग समेत निर्माण हुन थालेको छ। गत वर्षलाई हामीले संविधान कार्यान्वयन र समृद्धि सिर्जनाको आधार वर्षको रुपमा लिएका थियौं। चालु वर्षलाई हामीले विकास र समृद्धि सिर्जनाको तिव्रता दिने गरी सरकारका नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयन गर्नु पर्नेछ।

४. संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यबाट स्रोत, साधन र अवसरको अधिकतम परिचालन गर्दै समृद्धि तर्फ अघि बढने आधारशिला तयार भएको छ। चौधौं योजनाको ३ वर्षको अवधिमा औषत सात प्रतिशतको आर्थिक वृद्धिदर हासिल भएको छ। विगतका योजनाको तुलनामा यो उल्लेख्य वृद्धि हो। यसबाट हामीले ल्याएको नीति र कार्यक्रमबाट सुशासन विकास र समृद्धिको बलियो जगको निर्माण भएको छ ।

५. हाम्रो काँधमा जनताले विश्वाससाथ विशेष जिम्मेवारी सुम्पेका छन्। तीब्र विकास र उच्च आर्थिक वृद्धि हासिल गर्ने एवं व्यापक मात्रामा रोजगारी तथा स्वरोजगारका अवसरको सिर्जना गर्ने गरी नीति र विकास कार्यक्रमको कार्यान्वयनको शुरुवात भएका छन्। वित्तीय संघीयतालाई अर्थतन्त्रको गतिशिलता र विस्तारको आधार बनाईएको छ। हामीले प्राप्त गरेको नीतिगत स्थायित्वको बलियो जगमा टेकेर रणनीतिगत सुधार र हस्तक्षेपलाई आवश्यकताका आधारमा सवै क्षेत्र र तहमा थप विस्तार गर्नु पर्नेछ ।